मञ्चुका स्मृति अक्षय कोष द्वारा
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सँगको समन्वयमा
स्थापित

# “सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कार”

# निर्देशिका

कार्तिक, २०७४

(पहिलो संशोधन : श्रावण, २०८०)

# पुरस्कारको स्थापना र उद्देश्य

"मञ्चुका स्मृति अक्षयकोष" का संस्थापक सदस्य श्री सुप्रविध सुभाष श्रेष्ठ (श्री लुमिन कुमार श्रेष्ठ तथा कमला श्रेष्ठका छोरा) को मिति २०७३ आश्विन २३ गते एक सवारी दुर्घटनामा परी मिति २०७३ आश्विन २९ गते असामयिक देहान्त भयो । स्व. श्रेष्ठको स्मृतिमा **"सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कार"** को स्थापना तथा सञ्चालन गर्ने कोषले निर्णय गरेकोले सो पुरस्कार अन्तर्गत प्रत्येक वर्ष नेपालमा नवीकरणीय/वैकल्पिक ऊर्जा प्रवर्द्धन गरी स्थानीय समुदायको जनजीवन उकास्न विशेष सहयोग पुऱ्याइरहेका ३ वटा उत्कृष्ठ संस्थाहरुलाई सम्मान सहित जनही रु. २५,००० रकमको **"सुप्रविध स्मृति नवीकरणीय ऊर्जा पुरस्कार"** प्रदान गर्ने गरी यो पुरस्कार स्थापना गरी २०७४ कार्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको २१ औं वार्षिकोत्सवको अवसरमा घोषणा गरिएको हो । यो पुरस्कार २०७४ सालदेखि नै लागू गरिने छ । मञ्चुका स्मृति अक्षयकोषको अनुरोधमा २०८० सालदेखि पुरस्कारको राशी वृद्धि गरी जनही रु. ५०,००० पुऱ्याइएको छ ।

हाललाई यो पुरस्कार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको प्राविधिक सहयोग, समन्वय र सहजीकरणमा शुरुआत गरेता पनि मञ्चुका स्मृति अक्षयकोषले पुरस्कार रकम वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई उपलब्ध गराउने र पुरस्कारको व्यवस्थापन सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरु वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्ने गरी केन्द्रलाई हस्तान्तरण गर्ने तथा यो पुरस्कार प्रत्येक वर्ष केन्द्रको वार्षिकोत्सवको अवसरमा प्रदान गर्ने मनसाय रहेको छ । तर पहिलो वर्षको पुरस्कार भने सुप्रविध श्रेष्ठको स्मृतिमा आयोजना हुने "सम्झना कार्यक्रम" मा प्रदान गरिने छ ।

नवीकरणीय ऊर्जाको क्षेत्रमा विशेष गरी नवीकरणीय/वैकल्पिक ऊर्जा प्रविधि विस्तार, नवीकरणीय ऊर्जामा/द्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, ऊर्जाको उत्पादनमुलक उपयोग तथा जलवायु परिवर्तन अनुकुलन तथा न्युनीकरणको क्षेत्रमा पुऱ्याएको बिशिष्ठ योगदानका लागि विभिन्न संघसंस्थालाई यो पुरस्कार प्रदान गरिने छ । यस्ता संघसंस्थाको छनौट खुला र पारदर्शी मूल्याङ्कन प्रक्रियाको आधारमा गरिनेछ ।

# आवेदन आव्हान

प्रत्येक वर्षमा प्रदान गरिने यो पुरस्कारको लागि २०७५ साल देखि केन्द्रको वार्षिकोत्सव हुने मितिको कम्तीमा २ महिना अघि सूचना प्रकाशित गरी वैकल्पिक/नवीकरणीय ऊर्जासँग सम्बन्धित संघ/संस्था, नीजि कम्पनी, प्राज्ञिक संस्थाहरुबाट आव्हान गरिनेछ । पुरस्कारको लागि संस्थाको विवरण आवेदन प्रक्रियाद्वारा केन्द्रमा पठाउन सकिनेछ ।

# आवेदन प्रक्रिया

पुरस्कारको लागि नाम पठाउँदा संस्थागत निर्णय सहित पठाउनु पर्नेछ । तपसिल बमोजिमका संघ संस्थाहरु पुरस्कारको लागि आवेदन दिन योग्य हुनेछन् :

- नेपालको प्रचलित कानुन बमोजिम दर्ता भई नवीकरणीय ऊर्जाको क्षेत्रमा क्रियाशील सरकारी, गैह्रसरकारी, प्राज्ञिक, निजी तथा पेशागत संघ/संस्था ।
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग साझेदारी गरी नवकिरणीय ऊर्जाको क्षेत्रमा कार्यरत क्षेत्रीय, स्थानीय स्तरका संघ संस्था तथा नीजि कम्पनी संघ आदि ।

## आवेदन पेश गर्ने समय

सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र **अनुसूचि १** बमोजिमको आवेदन फाराम भरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पेश गरिसक्नु पर्नेछ ।

## आवेदक संघ संस्थाले खुलाउनु पर्ने कुराहरु

उपरोक्त संस्थाहरुले आवेदन पेश गर्दा आवेदनको साथमा निम्न कागजात र विवरण अनिवार्यरुपमा संलग्न गरी पठाउनु पर्नेछ :

- संस्थाको नाम, संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, संस्थाको स्थायी ठेगाना, हाल संस्थाले गरिरहेको कार्य विवरण र कार्यक्षेत्र, सम्पर्क व्यक्ति, टेलिफोन, फ्याक्स, ईमेल, संस्थाको कार्यानुभव सम्बन्धी विवरण आवेदन पत्रको साथ संलग्न गर्नु पर्नेछ । सरकारी, गैरसरकारी, नीजि, प्राज्ञिक संस्थाहरु समेत यस पुरस्कारका लागि आवेदक हुन सक्नेछन् । गैह्रसरकारी वा व्यावसायिक संघ/संस्था भएमा दर्ता नवीकरण भएको हुनु पर्नेछ ।
- आवेदक संस्थाले नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन, विस्तार, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण उत्पादनशील ऊर्जा उपयोग तथा जलवायु परिवर्तन जस्ता कार्यमा पुऱ्याएको योगदानको विवरण स्पष्ट खुलाई पेश गर्नुपर्नेछ ।

## छनौट प्रक्रिया र सिफारिस

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले मञ्चुका स्मृति अक्षयकोषको प्रतिनिधि सहितको एउटा पुरस्कार छनौट समितिको गठन गर्नेछ । समितिमा केन्द्रका कार्यकारी निर्देशक, निर्देशक, मञ्चुका स्मृति अक्षयकोषका प्रतिनिधि, नवीकरणीय ऊर्जा विज्ञ र आवश्यकता बमोजिम अन्य सदस्य रहनेछन् ।

प्रत्येक वर्ष पुरस्कारको लागि खुल्ला आवेदन आव्हान गरी मूल्याङ्कन सम्बन्धी कार्यको क्रममा छनौट समितिले पुरस्कार पाउन सक्ने बढी सम्भावना रहेका आवेदन मध्येबाट संस्थाहरुको प्रारम्भिक छनौट सूची तयार गर्नेछ । त्यसपछि यस केन्द्रबाट तयार गरिएको अनुसूचि २ मा उल्लेखित मूल्याङ्कन फाराम (Evaluation Form) अनुसार समितिले मूल्याङ्कन गर्नेछ । पुरस्कारका लागि अन्तिम छनौट गर्दा सम्बधित विषयका विशेषज्ञहरुद्वारा समेत मूल्याङ्कन गराउनु पर्ने भएमा सो बमोजिम गराई पुरस्कारको लागि उत्कृष्ठ ठहरिएका ३ वटा संस्थाको नाम सिफारिस गर्नेछ ।

## पुरस्कारको स्थगन

पुरस्कारको निमित्त छनौट समितिमा प्राप्त भएका आवेदन/मनोनयनहरुको मूल्याङ्कन गर्दा उक्त पुरस्कारका लागि उपयुक्त संस्था नदेखिएको निर्क्यौल छनौट समितिबाट भएमा वा काबु बाहिरको परिस्थितिको कारण निर्धारित समयमा पुरस्कार वितरण गर्न नसकिने भएमा छनौट समितिले त्यस वर्षको पुरस्कार स्थगित वा खारेज गर्न सिफारिस गर्न सक्नेछ ।

## पुरस्कारको घोषणा र वितरण

मञ्चुका स्मृति अक्षय कोष र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको तर्फबाट अन्तिम निर्णय भएपछि पुरस्कार विजेता संस्थाको नाम घोषणा गरिनेछ । केन्द्रको वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा विजेता संस्थालाई पुरस्कार र प्रमाण-पत्र प्रदान गरिनेछ ।

## सम्भाषण कार्यक्रम

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले पुरस्कार विजेता संस्थालाई पुरस्कार वितरण समारोहमा आफ्नो संस्थाको अनुभव तथा उपलब्धी वारे छोटो सम्भाषण दिने कार्यक्रम आयोजना गर्न सक्नेछ।

## विचाराधीन सूची

कुनै तोकिएको वर्षमा पुरस्कारको लागि प्राप्त भएको संस्थाहरुमध्ये त्यस वर्षमा पुरस्कार पाउन नसकेका केही उपयुक्त संस्थाहरु आगामी ३ (तीन) वर्षसम्म पुरस्कारका लागि विचार गर्ने हेतुले विचाराधीन सूचीमा सम्मिलित गर्न सकिनेछ।

## पुनश्च

- आवेदन फाराम वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा तोकिए बमोजिमको हुनेछ ।
- रीत नपुगी वा म्याद नाघी आएका आवेदन उपर कुनै कार्यवाही हुनेछैन।
- आवेदन पत्रहरु सिलबन्दी खाममा आफ्नो ठेगाना स्पष्ट उल्लेख गरी पठाउनु पर्नेछ।


**थप जानकारीको लागि**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**पो.ब.नं १४३६४**

मध्यबानेश्वर, काठमाडौं

फोन : ४५९८०१३/४५९८०१४

ईमेल: info@aepc.gov.np

वेव साइट: www.aepc.gov.np

**मञ्चुका स्मृति अक्षयकोष**

बिजुलीबजार, काठमाडौं

फोन : ४७८२९३०

# अनुसूचि

अनुसूचि १ : आवेदन फाराम
अनुसूचि २ : मूल्यांकन फाराम

*अनुसूचि १*

**मञ्चुका स्मृति अक्षय कोष द्वारा**
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सँगको समन्वयमा**
**स्थापित**

# *"सुप्रविध स्मृति नवीकरणीय ऊर्जा* पुरस्कार"

## आवेदन फाराम

| | |
|---|---|
| संस्थाको नाम | |
| संस्थाको किसिम | सरकारी/गैह्रसरकारी/नीजि/प्राज्ञिक/ अन्य |
| ठेगाना | |
| सम्पर्क नम्बर/फ्याक्स | |
| इमेल | |
| संस्था स्थापना मिति | |
| संस्था प्रमुखको नाम | |
| सम्पर्क व्यक्ति | |
| नवीकरणीय ऊर्जा क्षेत्रमा कार्य गरेको अवधि | |
| आवेदक संस्थाबाट हालसम्म भए गरेका मुख्य मुख्य कार्यहरु | |

*पुनश्च : आवेदक संस्थाबाट गरिएका कार्यहरुको विस्तृत विवरण सहितको कागजातहरु यसै आवेदन फाराम साथ संलग्न गर्न सकिने छ ।*

*अनुसूचि २*

# मूल्यांकन फाराम

(तयार गर्न बाँकी रहेको /मूल्यांकन समितिद्वारा तयार गरिने)